मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ६ विशेषज्ञ माग




**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानले करार सेवामा विभिन्न पदका लागि ६ जना विशेषज्ञ जनशक्ति माग गर्दै

बाँकी पृष्ठ ३ मा

वर्ष ४ • अंक २४९ • २०८३ साल श्रावण ३० गते शनिबार • Saturday 15, August 2026 • सूर्योदयः बिहान ०५:३४ बजे • सूर्यास्तः साँझ ०६:४२ बजे • पृष्ठ ४ • मूल्य रु. ५/-

## मधेशमा ९७.७१ प्रतिशत मात्र रोपाइँ



**मधेशदृष्टि**
**जनकपुरधाम।**
धान उत्पादनका लागि अग्रणी मानिने मधेश प्रदेशमा साउनको अन्तिम सातासम्म ९७.७१ प्रतिशत क्षेत्रफलमा धान रोपाइँ सम्पन्न भएको छ।

पर्याप्त वर्षा नभए पनि पटकपटक भएको सामान्य वर्षा तथा सरकारी र निजी सिँचाइ प्रणालीको उपयोग गर्दै किसानले धान रोपाइँलाई तीव्रता दिएका हुन्।

कृषि विकास निर्देशनालयका अनुसार साउन २८ गतेसम्म प्रदेशमा धान खेती हुने ३ लाख ८२ हजार ४ सय ३३ हेक्टरमध्ये ३ लाख ७३ हजार ६ सय ९३ दशमलव २९ हेक्टरमा रोपाइँ सकिएको छ।

मधेश प्रदेशका सिरहा र बारा जिल्लामा भने धान खेती हुने कुल क्षेत्रफलमा शतप्रतिशत रोपाइँ सम्पन्न भएको कृषि विकास निर्देशनालयका निर्देशक जितेन्द्र यादवले जानकारी दिए।

प्रदेशका जिल्लामा वर्षेनी करिब ५ लाख ५२ हजार ७ सय ४५ हेक्टर क्षेत्रफलमा विभिन्न बालीको खेती हुँदै आए पनि धान खेतीका लागि ३ लाख ८२ हजार ४ सय ३३ हेक्टर क्षेत्रफल प्रयोग हुँदै आएको छ।

जिल्लागत रूपमा सबैभन्दा कम रोपाइँ महोत्तरीमा भएको छ। महोत्तरीमा धान खेती हुने ४० हजार हेक्टरमध्ये हालसम्म ३४ हजार ७ सय २१ हेक्टरमा मात्र रोपाइँ भएको छ । यो कुल क्षेत्रफलको ८६.७० प्रतिशत हो।

सप्तरीमा ६८ हजार हेक्टरमध्ये ६४ हजार ६ सय हेक्टरमा अर्थात् ९५ प्रतिशत रोपाइँ सम्पन्न भएको छ। धनुषामा ४३ हजार ७ सय हेक्टरमध्ये ४१ हजार ५ सय १५ हेक्टरमा रोपाइँ भएको छ। धनुषामा ९५ प्रतिशत क्षेत्रफलमा धान रोपाइँ सकिएको हो।

त्यस्तै, सर्लाहीमा धान खेती हुने ४२ हजार ६ सय ९५ हेक्टरमध्ये ४२ हजार २ सय ६८ दशमलव ०५ हेक्टरमा रोपाइँ भएको छ। सर्लाहीमा ९९ प्रतिशत रोपाइँ सम्पन्न भएको निर्देशनालयले जनाएको छ।

रौतहटमा ३८ हजार ५ सय हेक्टरमध्ये ३७ हजार ७ सय ३० हेक्टरमा रोपाइँ भएको छ। यहाँ ९८ प्रतिशत क्षेत्रफलमा रोपाइँ सकिएको छ। पर्सामा पनि ९८ प्रतिशत रोपाइँ सम्पन्न भएको छ।

पर्सामा धान खेती हुने ५३ हजार ९ सय ३८ हेक्टरमध्ये ५२ हजार ८ सय ५९ दशमलव २९ हेक्टरमा रोपाइँ भएको निर्देशनालयका सूचना अधिकारी सुदीप चौधरीले जानकारी दिए।

समयमै पर्याप्त वर्षा नहुँदा यस वर्ष धान रोपाइँ प्रभावित हुने अनुमान गरिए पनि पछिल्लो समय भएको वर्षा र सिँचाइ सुविधाको प्रयोगले रोपाइँको अवस्था उत्साहजनक बनेको कृषि अधिकारीहरूको भनाइ छ।

अझै बाँकी रहेको क्षेत्रफलमा समेत रोपाइँ पूरा गर्ने प्रयास भइरहेको निर्देशनालयले जनाएको छ । रोपाइँको प्रगति उच्च रहे पनि धान उत्पादनका लागि आगामी दिनमा वर्षाको अवस्था, सिँचाइ सुविधा, रोगकीरा तथा मौसमको प्रभाव महत्वपूर्ण हुने कृषि विज्ञहरूको भनाइ छ।

## कर्मचारीको आधारभूत तलब १० प्रतिशत वृद्धि




**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्यको नीतिगत व्यवस्थाअनुसार प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका कर्मचारीको सुरु स्केलको आधारभूत तलबमा १० प्रतिशत वृद्धि गर्ने निर्णय गरेको छ।

मधेश प्रदेश सरकार मन्त्रिपरिषद्को आज बसेको बैठकले यो व्यवस्था २०८३ साउन १ गतेदेखि लागू हुनेगरी नयाँ तलबमान, ग्रेड रकम तथा अधिकतम ग्रेड सङ्ख्या स्वीकृत गरिएको सरकारका प्रवक्ता तथा अर्थमन्त्री युवराज भट्टराईले जानकारी दिए । उनका अनुसार स्थानीय सेवाका कर्मचारीको हकमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ४४ (८) अनुसार निर्णय प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ।

यस्तै बैठकले सेवा प्रवाहलाई नतिजामुखी, पारदर्शी र उत्तरदायी बनाउन मन्त्रिपरिषद्ले कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्तासम्बन्धी कार्यविधि, २०८३ स्वीकृत गरेको छ।

कार्यविधिअनुसार कर्मचारीले सुरु तलब स्केलको अधिकतम १० प्रतिशतसम्म प्रोत्साहन भत्ता पाउन सक्नेछन् । कुल १०० अङ्कमध्ये कार्य विवरण परिसूचकतर्फ ५० अङ्क र वैयक्तिक तथा सार्वजनिक सेवा प्रवाह परिसूचकतर्फ ५० अङ्क रहने व्यवस्था गरिएको छ । न्यूनतम ७५ अङ्क प्राप्त गर्ने कर्मचारीले मात्र उक्त भत्ता पाउने व्यवस्था गरिएको मन्त्री भट्टराईले बताए।

उनका अनुसार प्रोत्साहन भत्ता प्राप्त गर्न विद्युतीय हाजिरी अनिवार्य गरिएको छ। साथै, मूल्याङ्कन, रुजु र सिफारिसका लागि प्रत्येक कार्यालयमा तीन सदस्यीय 'परीक्षण इकाई' गठन गर्ने व्यवस्था गरिएको मन्त्री भट्टराईले बताए । सरकारी खर्चमा मितव्ययीता, वित्तीय अनुशासन र पारदर्शिता कायम गर्न मन्त्रिपरिषद्को बैठकले 'मधेश प्रदेश खर्च मापदण्ड निर्देशिका, २०८३' स्वीकृत गरेको छ।

अर्थ मन्त्रालयबाट प्रस्तुत उक्त निर्देशिकाले बजेट कार्यान्वयन, खर्च नियन्त्रण तथा सरकारी स्रोतसाधनको समुचित उपयोग सुनिश्चित गर्ने अपेक्षा गरिएको मन्त्री भट्टराईको भनाइ छ । निर्देशिका लागू भएपछि फजुल खर्च नियन्त्रण र वित्तीय व्यवस्थापन थप व्यवस्थित हुने विश्वास गरिएको छ।

यस्तै, बैठकले प्रदेश सरकार तथा अन्य सार्वजनिक निकायमा प्रयोग भइरहेका सरकारी सवारीसाधनको खरिद, सञ्चालन, मर्मत, सुधार तथा रेखदेखसम्बन्धी मापदण्ड तयार गर्न समिति गठन गर्ने निर्णय पनि गरेको छ।

श्रम तथा यातायात व्यवस्था मन्त्रालयका सचिवको संयोजकत्वमा गठन हुने उक्त समितिमा विभिन्न मन्त्रालयका प्रतिनिधिहरू रहनेछन्। समितिलाई १५ दिनभित्र कार्यविधि तर्जुमा गरी मन्त्रिपरिषद्मा पेस गर्नुपर्ने जिम्मेवारी दिइएको मन्त्री भट्टराईले बताए।

त्यस्तै बैठकले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयद्वारा प्रस्तुत 'नेपालको मधेश प्रदेशमा खाद्य प्रणाली रूपान्तरणका लागि जलवायु उत्थानशील मूल्य श्रृंखलासम्बन्धी जलवायु अनुकूलन लगानी योजना' सम्बन्धी अध्ययन प्रतिवेदन सर्वसम्मतिले अनुमोदन गरेको छ।

प्रदेश सरकारले प्रतिवेदनका निष्कर्ष र रणनीतिहरू कार्यान्वयनमा ल्याउने तथा सार्वजनिक पहुँचका लागि आधिकारिक रूपमा सार्वजनिक गर्ने निर्णय गरेको मन्त्री भट्टराईले बताए।

## बाबाधाम गएका तीन तीर्थयात्रीको निधन



**मधेशदृष्टि**
**रौतहट।**
बोलबम यात्राका क्रममा भारतको झारखण्डस्थित बाबाधामतर्फ गएका रौतहट गरुडाका तीर्थयात्री सवार बस आज बिहान दुर्घटनामा परी तीन जनाको मृत्यु भएको छ।

झारखण्डको सतगावाँ क्षेत्रमा ट्रकसँग ठोक्किएर बसमा सवार तीर्थयात्री गरुडा नगरपालिका–६ का ६० वर्षीय नवलकिशोर जयसवाल र निजकी श्रीमती सुन्दरबाला देवी तथा १२ वर्षीय शिवम महतोको मृत्यु भएको हो । गरुडा नगरपालिका–६ का वडाध्यक्ष रामबाबु चौधरीले बस दुर्घटनामा परी आफ्ना गाउँका तीन जना तीर्थयात्रीको मृत्यु भएको र १५ जना जति घाइते भएको जानकारी दिए। उनका अनुसार बसमा करिब ४५ जना नेपाली तीर्थयात्री रहेको र घाइतेहरूको झारखण्डअन्तर्गत सतगावाँस्थित स्थानीय अस्पतालमा उपचार भइरहेको छ।

दुर्घटनामा परी मृत्यु तथा घाइते हुने अधिकांश तीर्थयात्री गरुडा–६ पोठियाहीका बासिन्दा रहेका छन् । बस दुर्घटनामा परेको जानकारी पाउनासाथ मृतक तथा घाइतेका आफन्तजन घटनास्थलतर्फ गएको र गरुडा–६ स्थित पोठियाही गाउँ अहिले शोकमा डुबेको वडा अध्यक्ष चौधरीले जानकारी दिए।

सोही घटनाका विषयमा जानकारी दिनुहुँदै जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख एवं प्रहरी उपरीक्षक सीताराम रिजालले पाँच दिनअघि बाबाधाम प्रस्थान गरेका धार्मिक तीर्थयात्री सवार बस शुक्रबार बिहान झारखण्डको सतगावाँ क्षेत्रमा ट्रकसँग ठोक्किदा तीन जनाको मृत्यु र १२ जना घाइते भएको बताए।

उनले मृतकको शव नेपाल ल्याउन र घाइते तीर्थयात्रीको उपचारको व्यवस्था मिलाउन झारखण्डस्थित प्रहरी संयन्त्रसँग पहल गरिएको र आवश्यक देखिए घटनास्थलतर्फ जाने तयारीसमेत भइरहेको जानकारी दिए।

यसैबीच स्थानीयवासीको तर्फबाट निधन भएकाको शव नपाल ल्याउन र घाइतेहरूको राम्रोसँग उपचार व्यवस्था मिलाउन सम्बन्धित पक्षको ध्यानाकर्षण गरिएको छ । रौतहटमा पछिल्ला वर्षहरूमा पहेँलो वस्त्र पहिरेर बोलबम भन्दै बाबाधाम तीर्थयात्रा जानेक्रम बढेको छ।




## चार करोड ठगीमा परिवारका तीन जना कारागार चलान



**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषा जिल्ला अदालतले एकैपरिवारका तीन जनालाई पुर्पक्षका लागि कारागार पठाउन आदेश दिएको छ। दृष्टिबन्धकमा राखिएको जग्गा बैंकमा राखेर चार करोड रुपैयाँ ठगी गरेको आरोपमा अदालतले पुर्पक्षका लागि कारागार पठाउन आदेश दिएको हो । धनुषाका विभिन्न व्यक्तिहरुले दिएको अनुचित लेनदेन (मिटरब्याज) तथा ठगीसम्बन्धी मुद्दामा जिल्ला प्रहरी कार्यालय धनुषाले जनकपुरधाम उपमहानगरपालिका–१६ कपिलेश्वर निवासी ५३ वर्षीय गोपाल साह, उनका श्रीमती ४८ वर्षीय रेखा साह र छोरा ३२ वर्षीय हेरराम साहलाई साउन १ गते पक्राउ गरेको थियो।

मुद्दासम्बन्धी धनुषा जिल्ला अदालत जनकपुरधाममा भएको थुनछेक बहसपश्चात् अदालतका न्यायाधीश हिरामाया अवालको इजलाशले तीनै जनालाई पुर्पक्षमा पठाउने आदेश दिएको अदालतका सूचना अधिकारी हेमकुमार महतोले जानकारी दिए।

उनका अनुसार नौ जनाको मुद्दामध्ये छ वटा मुद्दामा बहस सकेर पुर्पक्षका लागि तीनै जनालाई कारागार पठाउने आदेश भएको र थप तीन वटा मुद्दामा आज पनि सुनवाइ भइरहेको छ।

अदालतको आदेशसँगै पुर्पक्षका लागि गोपाल र उनका छोरा हेररामलाई महोत्तरी कारागार तथा रेखा साहलाई सिन्धुली कारागार पठाउने तयारी भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक मधुसुदन न्यौपानेले जानकारी दिए।

## हरवाचरवा समुदायको लगत र परिचयपत्र वितरण तत्काल गर्ने माग



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मुक्त हरवाचरवा अधिकार मञ्चले हरवाचरवा समुदायको लगत सङ्कलन, प्रमाणीकरण तथा परिचयपत्र वितरण प्रक्रिया तत्काल सुरु गर्न मधेश प्रदेश सरकारसँग माग गर्दै १० दिने अल्टिमेटम दिएको छ।

मञ्चले भूमिहीन मुक्त हरवाचरवा परिवारको पहिचान गरी दिगो पुनःस्थापना, भूमि अधिकार, सामाजिक सुरक्षा, सम्मानजनक रोजगारी तथा जीविकोपार्जन सुनिश्चित गर्न ठोस नीति, बजेट र कार्यान्वयन योजना तत्काल अघि बढाउन माग गरेको हो।

मधेश प्रदेशका सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्साका मुक्त हरवाचरवा अधिकार मञ्चका जिल्ला अध्यक्षहरूले हस्ताक्षर गरेको ध्यानाकर्षणपत्र भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री श्याम पटेललाई बुझाउँदै मञ्चले निर्धारित समयभित्र माग सम्बोधन नभए शान्तिपूर्ण तथा चरणबद्ध आन्दोलन गर्ने चेतावनी दिएको छ।

मञ्चका अनुसार तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले २०७९ साउन २ गते हरवाचरवा प्रथा अन्त्य तथा समुदायको मुक्तिको घोषणा गरेको चार वर्ष पूरा भइसके पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। औपचारिक रूपमा मुक्ति घोषणा भए पनि धेरै हरवाचरवा परिवार अझै भूमिहीनता, गरिबी, असुरक्षित आवास, बेरोजगारी र सामाजिक असुरक्षाको अवस्थामा रहेको मञ्चको भनाइ छ।

मधेश प्रदेश सरकारले आर्थिक वर्ष

बाँकी पृष्ठ ३ मा

## सम्पादकीय

# मधेशमा सरकार ढलपल कि सत्ता–समीकरणको खेल?

मधेश प्रदेशको सत्ता अहिले स्थिर सरकारभन्दा पनि अस्थिर गठबन्धनको पर्याय बनेको छ । कांग्रेसको नेतृत्वमा रहेको भनिएको सरकारलाई समर्थन गर्ने दलहरूबीच भरोसाको संकट गहिरिँदै गएको छ, र समर्थन फिर्ता, विश्वासको मत तथा मन्त्रालय भागबण्डाका चर्चाले सरकार ढलपल भएको संकेत अवश्य दिएका छन्।

तर, यसलाई तत्कालै सरकार पतन भइसकेको निष्कर्षमा पुऱ्याउनु हतार हुनेछ । पछिल्ला समाचारअनुसार प्रदेशमा सरकार परिवर्तनको कसरत तीव्र भए पनि औपचारिक रूपमा नयाँ सरकार गठन भइसकेको अवस्था छैन।

मधेशको १०७ सदस्यीय प्रदेशसभामा बहुमतका लागि ५४ सांसद आवश्यक पर्छन्। कांग्रेस र नेकपा मिल्दा ३७ तथा एमाले र नेकपा मिल्दा ३८ सांसद मात्र पुग्छन् । त्यसैले दुवै सम्भावित समीकरणलाई जसपा नेपाल, जनमत पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीजस्ता मधेशकेन्द्रित दलहरूको साथ अनिवार्य हुन्छ। यही अंकगणितले मधेशमा ठूला दलको दाबीभन्दा साना तथा क्षेत्रीय दलहरूको निर्णयलाई निर्णायक बनाएको छ।

एमाले र नेकपाबीच प्रदेश सरकारमा वामपन्थी सहकार्य गर्ने सहमति भएको र त्यसले प्रदेश–प्रदेशमा सत्ता फेरबदलको ढोका खोलेको देखिन्छ।

मधेशमा पनि एमाले, नेकपा, जनमत, लोसपा र नेकपा एकीकृत समाजवादीबीच जनमतको नेतृत्वमा सरकार बनाउने सहमति भएको समाचार सार्वजनिक भएको छ। तर सहमतिमा भागबण्डा टुंगिएको छैन, केही दल अहिलेको सरकारमै सहभागी छन् र कांग्रेस–लोसपा–एकीकृत समाजवादीतर्फबाट विश्वासको मत जुटाउने प्रयास पनि समानान्तर रूपमा चलिरहेको छ। त्यसैले एमाले र नेकपा जसपासँग मिलेर सरकार बनाउँदैछन् भन्नेभन्दा उनीहरू जसपा तथा अन्य मधेशकेन्द्रित दलको समर्थन तान्ने रणनीतिमा छन् भन्नु यथार्थपरक हुन्छ।

यो घटनाक्रमले मधेशको सरकार गठनलाई जनसेवाको प्रश्नभन्दा सत्ता–व्यापारको विषय बनाइदिएको छ। मुख्यमन्त्री को बन्ने, कुन दलले कति मन्त्रालय पाउने र कुन समूहले राजनीतिक नियुक्ति नियन्त्रण गर्ने भन्ने विवादले शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी र बाढी–सिँचाइका वास्तविक मुद्दा ओझेलमा परेका छन्। दलहरूले सरकार बनाउन पाउने संवैधानिक अधिकार प्रयोग गर्न सक्छन्, तर बारम्बार गठबन्धन फेरबदल गरेर जनादेशको मर्म कमजोर पार्ने अधिकार जनताले दिएका छैनन्।

अतः निष्कर्ष स्पष्ट छ–मधेश सरकार ढलपल भएकै हो, तर ढलिसकेको होइन; एमाले–नेकपा नयाँ समीकरणका लागि कसरतमा छन्, तर जसपासहितको समीकरण अझै पूर्णरूपमा पक्का भइसकेको छैन।

अब प्रदेश प्रमुख, दलका संसदीय दल र सभामुखले संवैधानिक प्रक्रिया पारदर्शी ढंगले अघि बढाउनुपर्छ। कुनै पनि नयाँ सरकार बने त्यसले न्यूनतम साझा कार्यक्रम, समयबद्ध विकास प्रतिबद्धता र सार्वजनिक रूपमा घोषित शक्ति–सन्तुलनका आधारमा विश्वासको मत लिनुपर्छ। मधेशलाई अर्को अस्थायी सत्ता–प्रयोगशाला होइन, स्थिरता र सुशासनको प्रदेश बनाउने जिम्मेवारी सबै दलको हो।

# ‘प्याराग्लाइडिङ’ सुदूरपश्चिमको आकाशमा नयाँ अवसर



–टिकाराम सुनार/रासस

बिहानको पहिलो घाम चुरेका डाँडामाथि फैलिएको छ। तल कर्णाली नदीको नीलो घुम्ती, छेवैमा बर्दियाको घना जङ्गल र टाढासम्म देखिने कैलालीको समथर भूभाग। पाइलटले हावाको दिशा नियाल्दै प्याराग्लाइडरको ‘क्यानोपी’ फुकाउँछ । केही सेकेन्डमै ऊ जमिनबाट छुट्टिएर आकाशतिर उक्लिन्छ । तलका गाउँहरू साना बिन्दुमा बदलिन्छन्। कर्णाली नदी चाँदीको धर्सो झैँ देखिन्छ। नदीले बनाएका टापु, चुरेका हरिया डाँडा, थारू बस्ती र तराईका फाँट आँखैअगाडि फैलिन्छन्।

यो दृश्य हाल कल्पनामा मात्र सीमित छ तर कैलालीको राजकाँडा–डुडेझारी क्षेत्रमा गरिएको पूर्वसम्भाव्यता अध्ययनले यही कल्पनालाई व्यावहारिक सम्भावनाका रूपमा अघि सारेको छ। सुदूरपश्चिम प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले गरेको उक्त अध्ययनले यहाँ प्याराग्लाइडिङ सञ्चालनका लागि भौगोलिक, प्राविधिक, मौसम, वातावरणीय तथा पर्यटनका आधार रहेको निष्कर्ष निकाल्दै सम्भावित उडान र अवतरण क्षेत्रसमेत पहिचान गरेको छ।

अध्ययनले प्याराग्लाइडिङलाई एउटा साहसिक खेलका रूपमा मात्र नभई निर्माणाधीन जाल्पादेवी केबुलकार, कर्णाली नदी, चिसापानी, टीकापुर पार्क, थारू संस्कृति, होमस्टे र बर्दिया राष्ट्रिय निकुञ्जलगायत गन्तव्यसँग जोड्नसके कर्णालीवारी नयाँ पर्यटन ‘सर्किट’ निर्माण गर्न सकिने सम्भावना औँल्याएको छ।

**अध्ययनले देखाएको आकाश**

प्याराग्लाइडिङका लागि आकाश मात्र पर्याप्त हुँदैन । भूगोल, हावाको अवस्था, उडान दूरी, ‘टेकअफ–ल्यान्डिङ’ क्षेत्र र सुरक्षा सबैको संयोजन आवश्यक हुन्छ । यही आधारमा गरिएको अध्ययनले कैलालीको राजकाँडा–डुडेझारी क्षेत्रलाई सम्भावनायुक्त देखाएको हो।

अध्ययन प्रतिवेदनअनुसार मोहन्याल गाउँपालिका–७ स्थित राजकाँडाको मालिका÷जाल्पादेवी मन्दिर आसपासको भिरालो क्षेत्र वा हात्तीढुङ्गालाई सम्भावित उडान क्षेत्रका रूपमा पहिचान गरिएको छ। चुरे पहाडको टाकुरामा रहेको यो क्षेत्रमा लम्की बजारबाट कच्ची मोटरबाटो तथा चिसापानीबाट पैदलमार्ग हुँदै पुग्न सकिन्छ। हाल चिसापानीबाट यस क्षेत्रमा पुग्ने जाल्पादेवी केबुलकार निर्माणाधीन छ।

अवतरणका लागि लम्कीचुहा नगरपालिका–३ को डुडेझारी क्षेत्र प्रस्ताव गरिएको छ । खुला भूभाग र उडान क्षेत्रसँगको भौगोलिक अवस्थाले यहाँ प्याराग्लाइडिङका लागि आवश्यक आधार रहेको अध्ययनको निष्कर्ष छ। चुरे पर्वत र कर्णाली नदी उपत्यकाको भौगोलिक संरचनाका कारण ‘भ्याली विन्ड,’ ‘रिज लिफ्ट’ र ‘थर्मल एक्टिभिटी’ जस्ता हावाका अवस्था सिर्जना हुनसक्ने देखिएको छ। तर ‘टर्बुलेन्स,’ ‘रोटर इफेक्ट’ र ‘विन्ड सियर’को जोखिम रहेकाले विभिन्न मौसममा परीक्षण उडान र थप प्राविधिक अध्ययन आवश्यक रहेको प्रतिवेदनले औँल्याएको छ।

अध्ययन टोली प्रमुख प्रा.डा. प्रेम शर्मा सम्भाव्यता देखिनु र व्यावसायिक उडान सुरु हुनुबीच अझै महत्त्वपूर्ण चरण बाँकी रहेको बताउँछन् । ‘अध्ययनले सम्भावनाको आधार देखाएको छ । व्यावसायिक रूपमा काम अगाडि बढेमा यहाँको सम्भावना अवसरमा बदलिन सक्छ,’ उनी भन्छन्।

**सम्भावना केबल उडानको होइन**

नेपालको पर्यटनमा हिमाल, पदयात्रा, जलयात्रा, धार्मिक तथा प्राकृतिक गन्तव्यले प्रमुख स्थान ओगटेका छन्। पोखरा क्षेत्रले प्याराग्लाइडिङलाई पर्यटनको महत्त्वपूर्ण आधार बनाइसकेको छ तर पश्चिम नेपालका धेरै प्राकृतिक सम्भावना अझै चर्चामै सीमित छन्।

सुदूरपश्चिममा कर्णाली र महाकालीजस्ता नदी, चुरेका वन, जैविक विविधता, धार्मिक तथा सांस्कृतिक सम्पदा प्रशस्त छन्। यी सबैलाई जोडेर पर्यटकको बसाइँ लम्ब्याउने साहसिक गतिविधि सञ्चालन हुन सकेका छैनन् । यही अभावबीच राजकाँडा–डुडेझारीको प्याराग्लाइडिङले नयाँ सम्भावना देखाएको अध्ययन कम्पनी सिके रिसर्च एण्ड ग्रिनरी प्रमोशन प्रालिका कार्यकारी निर्देशक छिन्दुम भोटेले बताए।

प्याराग्लाइडिङ पाइलट तथा ‘इन्स्ट्रक्टर’ रामप्रसाद राईका अनुसार यहाँको प्राकृतिक दृश्य आफैँमा पर्यटन उत्पादन बन्न सक्ने आधार हो । ‘माथिबाट हेर्दा कर्णालीको बनोट सप्तकोशी जस्तै छ। नदीले बनाएको दृश्य र डाँडावरिपरिको दृश्य निकै मनमोहक छ। त्यसलाई चिन्न सक्नुपर्छ र व्यावसायिक योजना अगाडि सार्नुपर्छ, जसले स्थानीय अर्थतन्त्रलाई एउटा महत्त्वपूर्ण आकार दिनसक्छ,’ उनी भन्छन्।

प्याराग्लाइडिङको वास्तविक सम्भावना उडानपछि सुरु हुने आर्थिक गतिविधिमा देखिन्छ । पाइलट, प्रशिक्षक, गाइड र ग्राउन्ड स्टाफ प्रत्यक्ष रोजगारीका क्षेत्र हुन्। होटल, होमस्टे, यातायात, रेष्टुरेन्ट, फोटोग्राफी, हस्तकला, कृषि तथा स्थानीय उत्पादनको बजार विस्तार भने अप्रत्यक्ष लाभका क्षेत्र हुन्। ‘चिसापानी पर्यटनको केन्द्र बन्ने सम्भावना देख्छु । त्यसले आन्तरिक पर्यटक मात्रै होइन, छिमेकी भारतबाट पनि साहसिक पर्यटकलाई आकर्षित गर्नसक्छ । एउटा नीति तथा योजना बनाएर काम गरेमा यहाँको आकाशले रोजगारी सिर्जना र अर्थतन्त्रलाई चलायमान बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने हाम्रो निष्कर्ष हो,’ अध्ययन टोलीका सदस्यसमेत रहेका राई भन्छन्।

मोहन्याल गाउँपालिका–७ का वडाध्यक्ष नवराज कठायत व्यावसायिक प्याराग्लाइडिङ सञ्चालन भए स्थानीयस्तरमा रोजगारी र आम्दानीको नयाँ आधार बन्न सक्ने बताउँछन्। ‘समुदायको सहभागितामा यस योजनालाई अघि बढाउन सके मोहन्याललगायत यस क्षेत्रको सामाजिक–आर्थिक रूपान्तरणमा टेवा पुग्ने हाम्रो विश्वास छ,’ उनी भन्छन्।

लम्कीचुहा नगरपालिका–३ का अध्यक्ष लबबहादुर शाही पनि प्याराग्लाइडिङलाई जल पर्यटन, केबुलकार र राष्ट्रिय निकुञ्जको सफारीसँग जोडेर समग्र पर्यटन विकासका रूपमा अघि बढाउनुपर्ने बताउँछन् । ‘सम्भावनाको कुरा मात्रै गरेर हुँदैन। प्रदेश सरकारले त्यसको सार्थकताका लागि बाँकी काम अघि बढाउनुपर्छ । त्यसमा स्थानीयस्तरमा सहयोग गर्न हामी तयार छौँ,’ उनी भन्छन्।

**उडान एउटा, गन्तव्य धेरै**

राजकाँडा–डुडेझारीको प्याराग्लाइडिङको ठूलो सम्भावना यसलाई छुट्टै गतिविधिका रूपमा नभई वरपरका गन्तव्य जोड्ने पर्यटन उत्पादनका रूपमा विकास गर्नुमा देखिन्छ। राजकाँडाबाट उडान गर्दा कर्णाली नदी, चिसापानी, चुरेका वन, तराईका फाँट र बस्तीको दृश्यावलोकन गर्न सकिन्छ । त्यसमा जाल्पादेवी मन्दिर र केबुलकार, चिसापानीको ¥याफ्टिङ, कायाकिङ तथा अन्य जल पर्यटन, टीकापुर पार्क, थारू संस्कृति, होमस्टे र स्थानीय परिकार जोड्न सकिन्छ।

पश्चिमतर्फ घोडाघोडी ताल र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जसम्म पर्यटन सञ्जाल विस्तार गर्न सकिने सम्भावना रहेको अध्ययन टोली प्रमुख प्रा.डा. शर्मा बताउँछन् । ‘कर्णाली पुल, कर्णाली नदी, बर्दिया राष्ट्रिय निकुञ्ज, मोहना नदीका डल्फिन, थारू संस्कृति, टीकापुर पार्क, स्थानीय परिकारदेखि शुक्लाफाँटाको बाह्रसिङ्गेसम्मलाई जोडेर पर्यटकीय सञ्जाल विस्तार गर्न सकिन्छ,’ उनी भन्छन्।

यसरी एउटा प्याराग्लाइडिङ उडान बहुदिने पर्यटन ‘प्याकेज’मा बदलिन सक्छ। पर्यटक उडेर फर्किने मात्र होइन, केबुलकार चढ्ने, मन्दिर जाने, नदीमा रमाउने, होमस्टेमा बस्ने, स्थानीय खाना खाने र स्थानीय उत्पादन खरिद गर्ने अवस्थामा पुग्न सक्छ । यसले पर्यटकको बसाइँसँगै स्थानीय बजारमा हुने खर्च पनि बढाउन सक्छ। लम्कीचुहा उद्योग वाणिज्य सङ्घका अध्यक्ष दीपककुमार तिमिल्सिना पर्यटकको बसाइँ र स्थानीय बजार विस्तार हुने भएकाले यस क्षेत्रमा निजी लगानी बढाउनुपर्ने बताउँछन्।

केबुलकारसँगै नयाँ पर्यटन उत्पादन

राजकाँडा–डुडेझारीको प्याराग्लाइडिङ सम्भावनालाई निर्माणाधीन जाल्पादेवी केबुलकारले थप अर्थपूर्ण बनाएको छ । केबुलकार र प्याराग्लाइडिङ एउटै पर्यटन उत्पादनका दुई फरक अनुभव बन्न सक्छन्—एउटाले पर्यटकलाई पहाडको टाकुरासम्म पु¥याउने र अर्कोले त्यही उचाइबाट आकाशको यात्रा गराउने । जाल्पादेवी केबुलकार प्रालिका अध्यक्ष चन्द्रराज ढकाल सरकारले प्राविधिक तथा नीतिगत आधार तयार गरे निजी क्षेत्र सहकार्यका लागि तयार रहेको बताउँछन्। ‘सरकारले नीति बनाउने, निजी क्षेत्रले लगानी गर्ने र स्थानीय समुदायले अपनत्व लिने अवस्था बनेमा सम्भावनालाई अवसरमा बदल्न सकिन्छ। अहिले त्यहाँ जाने आधार तयार गर्न हामी केबुलकार निर्माणको अन्तिम चरणमा छौँ। त्यसपछि तीनै पक्ष मिलेर सम्भावित थप क्रियाकलाप गर्न सकिन्छ,’ उनी भन्छन्।

कार्यकारी निर्देशक भोटे पनि केबुलकारसँग सहकार्य गरेर व्यावसायिक उठानका लागि काम हुन सके थोरै लगानीमा छिट्टै लाभ लिने अवस्था बन्ने बताउँछन्। ‘प्रदेश सरकारले नीतिगत, प्राविधिक र कानुनी आधार तयार गरिदिएमा हाल सञ्चालनमा रहेको केबुलकारसँगै सहकार्य गरेर छिटो काम हुनसक्छ। त्यसले कबुलकार चढेर गएको मान्छे, प्याराग्लाइडिङ चढेर फर्किने, जङ्गल सफारी, कर्णालीमा ¥याफ्टिङ गरेर एउटै यात्रामा मनोरञ्जन लिने अवसर छ। त्यसको उपयोग गर्न सक्नुपर्छ,’ उनले भने।

**अब कार्यान्वयनको पालो**

सम्भाव्यता अध्ययनले आकाश देखाएको छ। निजी क्षेत्रले लगानीको इच्छा देखाएको छ । स्थानीय तहले रोजगारी र पर्यटन विकासको सम्भावना देखेका छन् । निर्माणाधीन केबुलकारले पूर्वाधारको अर्को आधार थप्दैछ, तर यी सबै सम्भावनालाई व्यावसायिक पर्यटनमा बदल्न अब कार्यान्वयनको चरण सुरु गर्नुपर्नेछ। प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाईका प्रमुख डबलबहादुर बोहराका अनुसार व्यावसायिक उडानअघि पूर्वाधार, सुरक्षा प्रणाली, मौसमसम्बन्धी थप तथ्याङ्क, परीक्षण उडान, दक्ष पाइलट, हवाई क्षेत्रसम्बन्धी स्वीकृति र आपत्कालीन व्यवस्थापन सुनिश्चित गर्नुपर्नेछ।

विस्तृत लागत–लाभ विश्लेषण र वित्तीय प्रक्षेपणसहित थप अध्ययन पनि आवश्यक रहेको उनको भनाइ छ। ‘सुरक्षित उडानका लागि स्पष्ट नीति, ‘टेकअफ–ल्यान्डिङ’ क्षेत्र व्यवस्थापन, आपत्कालीन उद्धार प्रणाली, बीमा, हवाई क्षेत्रसम्बन्धी स्वीकृति र दक्ष जनशक्ति आवश्यक छ। यस्तै, निजी क्षेत्रसँग साझेदारीको स्पष्ट ढाँचा र स्थानीय समुदायको क्षमता विकास पनि उत्तिकै महत्त्वपूर्ण छ । त्यसमा थप काम गर्छौं,’ उनले भने।

उद्योग वाणिज्य सङ्घका अध्यक्ष तिमिल्सिना स्थानीय समुदायको जीवन र सुदूरपश्चिमको पर्यटन अर्थतन्त्रमा योगदान पुग्ने गरी निजी क्षेत्र र सरकारले आवश्यक सहकार्य गरी चाँडै पूर्वाधार निर्माण र लगानी बढाउनुपर्ने आवश्यकता औँल्याउँछन् । ‘पर्यटक आएर मात्र अर्थतन्त्र बन्दैन । पर्यटकले गर्ने खर्च स्थानीय होटल, होमस्टे, यातायात, खाना, गाइड, हस्तकला र कृषि उत्पादन हुँदै समुदायभित्र कति समय र कति तहसम्म घुम्छ भन्ने कुराले वास्तविक लाभ निर्धारण गर्छ। त्यसको तयारीका लागि पनि सहकार्य आवश्यक छ,’ उनले भने । सुदूरपश्चिम लामो समयदेखि प्राकृतिक सम्भावना भएर पनि पर्यटनको मूल प्रवाहबाट टाढा रहँदै आएको छ । राजकाँडा–डुडेझारीको अध्ययनले भने कर्णालीको किनारदेखि चुरेको टाकुरासम्म पर्यटनको नयाँ सम्भावनालाई आकाशसँग जोडेको छ । अब सरकार, निजी क्षेत्र र समुदाय एउटै दिशामा अघि बढ्न सके सुदूरपश्चिमको आकाशमा उड्ने प्याराग्लाइडर केबल साहसिक पर्यटनको साधनमा सीमित हुनेछैन । त्यो स्थानीय रोजगारी, लगानी, बजार र पर्यटन सर्किट जोड्ने नयाँ पर्यटन अर्थतन्त्रको उडान बन्न सक्छ।

# नौमती बाजा जोगाउँदै आमाहरू



–मधु शाही/रासस

बुबाले नौमती बाजा बजाएको देख्दा सरिता परियारको बाल मनस्थितिमा आफूले पनि सिक्न पाए हुन्थ्यो भन्ने इच्छा पलाएको थियो । त्यतिबेला उनले बुबाको तीतो जवाफ पाइन्, ‘महिलाले बाजा छुनु हुँदैन ।’ ‘छोरीले बाजा छुनु अशुभ हुन्छ’ भन्ने जवाफ पाएपछि सरिताको मन खुम्चिएको थियो तर समयले सबै फेरिदिन्छ।

बाल्यकालमा महिलाले बाजा छुन नहुने भन्दै सुन्दै आएकी सरिता अहिले नौमती बाजा संरक्षण गर्ने अभियानमा जुटेकी छन्। यतिमात्रै होइन, बाजाको संरक्षणसँगै आयआर्जनसमेत गर्दै आएकी छन्। उनी भन्छिन्, ‘बुबाले छुनुहुन्न भन्नुहुन्थ्यो, अहिले हामीले नबजाए नौमती बाजा लोप हुने स्थिति छ ।’ तार्केश्वर–७ पुटुङमा रहेको ‘लोक संस्कृति महिला नौमती बाजा समूह’मा सरिताजस्तै आमाहरू मिलेर नौमती बाजाको संरक्षण र प्रवद्र्धनमा सक्रिय हुँदै आएका छन् । समूहको उपाध्यक्षसमेत रहेकी सरिताले बाजा समूहमा लागेपछि आफ्नो जीवनशैली नै फेरिएको बताउँछिन्।

काठमाडौँको चन्द्रागिरिमा जन्मेकी उनले थानकोटभन्दा बाहिर कहिल्यै गएकी थिइनन्। घर, चुलोचौको र परिवारको जिम्मेवारीले उनलाई घुम्ने र बाहिरी दुनियाँ बुझ्ने अवसर हराएको थियो तर जब उन २०७६ सालमा बाजा समूहमा आबद्ध भइन्, त्यसपछि सरिता बाजा बजाउँदै काठमाडौँ बाहिरका जिल्लासमेत पुगिन् । ‘बाजा बजाउन नसिकेको भए, काठमाडौँ बाहिर देख्नै पाउँथिन होला,’ उनी भन्छिन्, ‘एकातिर संस्कृति जोगिने अर्कातिर आयआर्जन र आत्मविश्वास बढ्ने हुँदा अहिले निकै खुसी छु ।’ सरिताले नौमती बाजामा सनही, दमाह, झ्याली, टेम्को प्रायः सबै बाजा बजाउन दक्ष छिन् । श्रीमान र छोराछोरीको सहयोगले गर्दा नौमती बाजा बजाउन सफल भएको उनले सुनाइन्।

सामाखुसी बस्ने अम्बिका सेवालाई नौमती बाजा बजाएर स्वावलम्बी बन्नु त्यति सजिलो थिएन। उनले सुरुमा श्रीमानको अनुमति पाउनै निकै सङ्घर्ष गर्नुपरेको थियो। राति ढिलासम्म बजाउनुपर्ने, घर छाडेर बाहिर जानुपर्ने हुँदा बाजा बजाउने काम गर्नु हुँदैन भन्ने श्रीमानको धारणा थियो । ‘पछि विस्तारै उनलाई सम्झाउँदै गएपछि अहिले सजिलो छ,’ उनले भनिन्, ‘आम्दानी भएपछि घरको खर्च उठाउन थालेपछि उन पनि खुसी हुनुभयो ।’ अम्बिकाका अनुसार नौमती बाजा बजाएर घर बाहिर निस्किँदा सम्मानसहित उत्साह पनि थपिएको बताइन् । अहिले आफूलाई देखेर अरु दिदीबहिनीहरूले पनि बाजा सिक्ने रहर गर्न थालेको उनले सुनाइन्।

महिला भएकै कारण समाजको बन्देज चिरेर बाहिर काम गर्न सजिलो छैन। कतिपय समयमा राति ११ बजे आएर घरको भन्सा सम्हाल्नुपरेको पीडा उनीसँग छ । अम्बिका भन्छिन्, ‘मैले नपकाउँदासम्म श्रीमान् भोकै बस्नुहुन्थ्यो। राति जतिबेला आएर भए पनि पकाएर खुवाउनुपथ्र्यो ।’ महिलाले गर्ने सङ्घर्षमा बन्देज आउँछन् तर ती सबै बन्देज चिर्नसके समाज रुपान्तरण हुँदै जान्छ भन्ने अम्बिकाको भोगाइले बताउँछ । उनले चुनौतीलाई आत्मसात् गर्दै अघि बढेकै कारण अहिले पहिचान र सम्मानसहितको आयआर्जन गर्ने थलो नौमती बाजा समूह बनेको छ।

समूहकी कोषाध्यक्षसमेत रहेकी अम्बिका मङ्सिर, माघ, फागुन, वैशाख महिनामा नौमती बाजाको माग बढी हुने गरेको बताउँछिन् । आगामी मङ्सिरका लागि अहिलेदेखि नै ‘बुकिङ’ भइसकेको उनले सुनाइन् । उनले भनिन्, ‘वर्षभरिको कमाउने मुख्य समय भनेकै मङ्सिर महिना हो। यो बेला प्रायः एक दिन पनि फुर्सद हुँदैन ।’ बाजा बजाउने क्रममा उनीहरू काठमाडौँ कटेर धरान, धनकुटा, बुटवल, पोखरा, पाल्पा, बुटललगायत पूर्वदेखि पश्चिमसम्म पुगेका छन्। अम्बिकाका अनुसार विवाह र व्रतबन्धका लागि एक दिनको ४० देखि ६० हजार रुपैयाँसम्म पारिश्रमिक लिने गरिएको छ । यसबाहेक स–साना कार्यक्रमहरूमा समय र दूरीका आधारमा पारिश्रमिक लिने उनले बताइन् । ‘बाजा बजाउँदा नाम र सम्मान दुवै पाएका छौँ,’ उनले भनिन्।

समूहकी अध्यक्ष पुनम भुसालले बाजा बजाएरै आफ्नो पहिचान स्थापित गर्न पाएको सुनाइन्। उनले सुरुका दिनमा बाजा जुटाउन र प्रशिक्षण पाउन निकै मिहिनेत गर्नुपरेको सम्झिइन्। सात वर्षअघि उनीहरूले बाजा बजाउन थाल्दाको समाज फरक थियो। भान्सामा डाडु र पन्यु समाउनेबाहेक महिलाले बाजा बजाउने कल्पना गर्न कठिन थियो । ‘तर, आँट गरे पनि सबै सम्भव हुँदोरहेछ,’ उनले भनिन्, ‘सुरुमा झन्डै एक लाख व्यक्तिगत लगानी गरेर समूहमा बाजा सिक्न थालियो । पछि कमाउँदै सबै सदस्यले ऋण चुक्ता गर्यौं । हामीजस्ता गृहिणी आमाहरूका लागि यो ठूलो उपलब्धि थियो ।’ यद्यपि अब भने नौमती बाजाको संरक्षण गर्ने युवा पुस्ताको अभाव रहेको उनले सुनाइन्।

पुनमका अनुसार नौमती बाजामात्रै व्यवसाय होइन । यसमा आबद्ध भएका महिलाहरूले सामाजिक संस्कृति जगेर्नामा दिएको योगदान पनि हो। तीन महिनाको तालिमपछि बाजा बजाउन पोख्त भएका महिलाहरू अहिले आत्मनिर्भर जीवन जिउन सफल भएको उनले सुनाइन् । महिला सशक्तीकरणको सुक्ष्म तर प्रभावकारी उदाहरण बनेको उनको बुझाइ छ । पुनम समूहमा सनाही बनाउन दक्ष छिन्। आवश्यक परेको खण्डमा अरु बाजा पनि बजाउन उन पोख्त छिन्।

विवाह, व्रतबन्ध, पूजालगायत विभिन्न कार्यक्रमहरूमा समूहलाई निम्तो आउँछ । उनहरू त्यही निम्तोको आधारमा निश्चित पारिश्रमिक लिएर बजाउन जान्छिन् ।संस्थाको सुरुआती दिनमा महिला समूहले खोलेका बाजा बजाउने समूह कम थिए। अहिले यसको प्रतिस्पर्धा बढ्दै गएपछि पारिश्रमिक दर पनि विगतको तुलनामा घट्दै गएको समूहका अध्यक्ष पुनमले सुनाइन्।

पुनमलाई बाजा बजाएर व्यवसायसँगै गाउँमा समाज सेवा गर्ने, सरसफाइ अभियानमा सरिक हुने र संस्कृतिको महत्व दर्शाउने भूमिका पूरा भएको छ।

नौमती बाजा बजाउने प्रशिक्षण दिँदै आएका ध्रुव नेपालीले पछिल्लो समय धेरै आमा समूह बाजा बजाउनमा उत्सुक भएको बताउँछन् । उनले गाउँघरमा पुगेर सयभन्दा बढी आमा समूहलाई नौमती बाजा र पञ्चेबाजा बजाउन सिकाएका छन्। उनले हालसम्म गोरखा, काठमाडौँ, धादिङ जिल्लाका सयभन्दा बढी महिलालाई बाजा बजाउने प्रशिक्षण दिएका छन्। धादिङ जिल्लामै १ सय २५ महिलालाई बाजा बजाउन सिकाएको अनुभव उनको छ । गाउँघरमा युवापुस्ता कम छन् । भएका आमाहरूले नै प्रशिक्षण लिएर बाजा संरक्षणमा जुटेको प्रशिक्षक ध्रुवले सुनाए। उनले भने, ‘गाउँमा आमाहरू बाजा बजाउन सिक्ने इच्छा बढ्दै गएको छ । कतिपय सिकेर आत्मनिर्भरसमेत बन्नुभएको छ।’


ध्रुवका अनुसार नौमती बाजामा दुईवटा सनही, दुईवटा नरसिंहा, दुईवटा दमाह, एक–एकवटा ढोलक, टेम्को र झ्याली पर्छन् । नौमती बाजा भनेको दोहोरो बाजा हो, जसमा पञ्चे बाजामा एक–एकवटा गरी पाँच प्रकारका बाजा हुन्छन् । प्रशिक्षक ध्रुवले नौमती बाजा परम्परागत रूपमा अत्यन्त महत्व रहेको बताए । यसलाई धनीहरूको रोजाइमा पर्ने बाजा पनि भन्ने गरिन्छ, जसले अलि धेरै रुपैयाँ खर्च गर्न सक्छ उसले नौमती बाजा बजाउने गरेको उनको अनुभव छ । ‘पहिला–पहिला नौमती बाजा बजाउ सक्नेलाई निकै धनी मानिन्थ्यो,’ उनले भने, ‘नौमती बाजाको अहिले पनि उत्तिकै महत्व बढ्दो छ । तर यसलाई बजाउनेहरूको कमी हुँदै गएको छ।’ घरमा बसेका आमा र दिदीबहिनीले नै नौमती र पञ्चेबाजाको परम्परागत संस्कृति जोगाउँदै आएको उनले बताए

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।



**मुख्यमन्त्रीको सहभागिता:** मधेश प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र एशियाली बिकास बैंकको सहयोगमा शुक्रबार जनकपुरधाममा आयोजना गरिएको जलवायु अनुकूलन लगानी योजना औपचारिक सुभारम्भ कार्यक्रममा सहभागी हुँदै मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवलगायत । तस्बिरः रासस

# गर्मी बढेसँगै सर्पदंशका घटना वृद्धि



**जनकपुरधाम ।**
गर्मीसँगै मधेश प्रदेशमा सर्पदंशका घटना बढ्न थालेपछि सर्पदंशविरुद्धको औषधि एन्टी स्नेक भेनम प्रदेशका सर्पदंश उपचार केन्द्रमा पठाउन सुरु गरिएको छ ।

मधेश प्रदेश स्वास्थ्य आपूर्ति केन्द्रका प्रमुख डा. नागेन्द्र यादवका अनुसार सर्पदंशको उपचार हुने प्रदेशका २७ वटै अस्पताल तथा उपचार केन्द्रमा आवश्यकताअनुसार एन्टी स्नेक भेनम पठाउन थालिएको हो ।

उनले सिरहाको चोहर्वास्थित नेपाली सेनाको सर्पदंश उपचार केन्द्र र वीरगंजस्थित नारायणी अस्पतालमा औषधिको अभाव देखिएपछि तत्कालका लागि क्रमशः ३० र १०० भायल एन्टी स्नेक भेनम पठाइएको जानकारी दिए । अन्य उपचार केन्द्रमा पनि मागअनुसार औषधि पठाउन थालिएकोछ ।

डा. यादवका अनुसार प्रदेश स्वास्थ्य आपूर्ति केन्द्रमा हाल ९ सय भायल एन्टी स्नेक भेनम मौज्दात रहेको छ भने थप औषधि आउने प्रक्रियामा रहेको छ ।

'सर्पदंशविरुद्धको औषधि कुनै पनि उपचार केन्द्रमा अभाव हुन नदिने गरी व्यवस्थापन गरिएको छ,' उनले भने । पछिल्ला केही दिनयता अत्यधिक गर्मीका कारण रौतहट, बारा र पर्सालगायत जिल्लामा सर्पदंशका घटना बढेको पाइएको छ ।

वीरगंजस्थित नारायणी अस्पतालका प्रवक्ता डा. उदयनारायण सिंहका अनुसार अस्पतालमा दैनिक १० देखि १५ जनासम्म सर्पदंशका बिरामी उपचार गर्न आउने गरेका छन् । ग्रामीण क्षेत्रमा खेतबारी तथा घर वरपर सर्पको बढेसँगै जोखिम थपिएको उनले बताए । केही दिनअघिसम्म एन्टी स्नेक भेनमको अभाव देखिए पनि हाल अस्पतालमा १ सय भायल औषधि मौज्दात रहेको अस्पतालले जनाएको छ ।

डा. सिहले सर्पदंशबाट जोगिन राति सुत्दा झुल प्रयोग गर्न, घरवरपरको झाडी सफा राख्न, खेतमा काम गर्दा बुट तथा सुरक्षात्मक सामग्री प्रयोग गर्न तथा सर्पले टोकेपछि झारफुकमा नलागी तत्काल नजिकको स्वास्थ्य संस्थामा पुग्न आग्रह गरे ।

मधेश प्रदेश सरकारले सर्पदंशलाई मनसुन र गर्मीयाममा बढी देखिने सार्वजनिक स्वास्थ्य समस्याका रूपमा लिँदै उपचार केन्द्रमा औषधि, स्वास्थ्यकर्मी र आवश्यक उपकरणको व्यवस्थापनलाई व्यवस्थित तुल्याएको जनाइएको छ ।

# टेलिकम परिसरमा सडक विस्तार नगर्न अल्पकालीन आदेश

**मधेशदृष्टि**
**वीरगंज।**
उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगंजले तत्कालका लागि सडक विस्तारको काम गर्दा घण्टाघरस्थित टेलिकमको कार्यालय परिसरमा सडक विस्तार नगर्न–नगराउन अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ।

उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजका न्यायाधीश निर्मला पौडेल भट्टराईको एकल इजलासले नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, काठमाडौँका तर्फबाट सङ्गीता अर्याल पहाडीले दायर गरेको रिट निवेदनमाथि सुनुवाइ गर्दै यस्तो आदेश दिएको हो।

निवेदकले टेलिकम कार्यालय रहेको कित्तामा तोडफोड तथा सडक किनारा विस्तार नगर्न÷नगराउन अन्तरिम आदेशसहित प्रतिषेध, उत्प्रेषण, परमादेशलगायत आवश्यक र उपयुक्त आदेश जारी गर्न माग गरेका थिए । निवेदकका तर्फबाट अधिवक्ता डा. गजेन्द्र अर्याल र अधिवक्ता राजेश पण्डितले बहस गरेका थिए।

निवेदक र सडक विस्तारकर्ता दुवै पक्षबीच छलफल नभएसम्मका लागि टेलिकमको कार्यालय रहेको एक कित्तामा सडक विस्तार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउन अल्पकालीन अन्तरिम आदेश जारी भएको, उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंजका प्रवक्ता तथा सूचना अधिकारी ध्रुव प्रसाद सुवेदीले बताए। अदालतले आउँदो भदौ १ गते दुवै पक्षलाई छलफलका लागि बोलाएको छ । छलफलपछि मात्रै अल्पकालीन आदेशलाई निरन्तरता दिने वा नदिनेबारे निर्णय हुने प्रवक्ता सुवेदीले जानकारी गराए।

# मुख्यमन्त्री बानियाँ भदौ १ गते विश्वास...

गठबन्धनले सरकार बनाउन राप्रपा, नेमकिपा वा अन्य साना दलको समर्थन निर्णायक बन्नेछ।

९ साउन २०८१ मा कांग्रेस र एमालेबीच भएको सत्ता साझेदारी सहमतिअनुसार कांग्रेस संसदीय दलका नेता बहादुरसिंह लामा मुख्यमन्त्री बनेका थिए।

दुई दलबीच २०–२० महिना आलोपालो सरकारको नेतृत्व गर्ने सहमति थियो । तर, एक वर्ष नपुग्दै कांग्रेस बागमती प्रदेश संसदीय दलको नेता परिवर्तन गर्दै हालका मुख्यमन्त्री बानियाँलाई विसं २०८२ मा प्रदेश संसदीय दलको नेता तथा मुख्यमन्त्री बनेका थिए । त्यसपछि पनि एमालेसँगको सत्ता साझेदारी कायम रहेकामा पछिल्लो समय कांग्रेस केन्द्रको नयाँ निर्णयसँगै गठबन्धन टुट्न पुगेको हो।

पछिल्लो समय एमाले–नेकपाबीच सरकार गठनका लागि सहमति बनेसँगै एमालेभित्र मुख्यमन्त्रीका विषयमा विवाद सिर्जना भएको छ । मुख्यमन्त्री को भन्ने आन्तरिक विवादै कारण बागमती प्रदेश एमाले संसदीय दलका नेता जगन्नाथ थपलियाविरुद्ध २७ साउनमा अविश्वास प्रस्ताव दर्ता भएको छ।

प्रस्तावमा १६ सांसदको हस्ताक्षर रहेको अविश्वास प्रस्तावका समर्थक किरण थापाले दाबी गरे । आफू संसदीय दलको नेता तथा सम्भावित मुख्यमन्त्रीका रूपमा अघि बढेको उनको भनाइ छ।

उनले एमाले र नेकपाबीच भएको सत्ता साझेदारीको सहमतिअनुसार बागमती प्रदेश सरकारको नेतृत्व एमालेले पाउने भएकाले एमालेले आफूलाई जिम्मेवारी दिने विश्वास व्यक्त गरे । बहुमत जुटाउन राप्रपा तथा नेमकिपासँग पनि आफूले संवाद गरिरहेको उनले बताए। नेता थपलियाले पार्टीलाई सुदृढ, एकताबद्ध र प्रभावकारी बनाउन आफू प्रतिबद्ध रहेको बताए।

# स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ६ विशेषज्ञ.....

दरखास्त आह्वान गरेको छ।

प्रतिष्ठानले साउन २९ गते प्रकाशित गरेको सूचनामार्फत मुटु तथा रक्तनली शल्यचिकित्सा, रोगविज्ञान, बेहोस पार्ने चिकित्सा र चिकित्सा–शल्य नर्सिङ विभागका लागि जनशक्ति माग गरेको हो। रिक्त पदमा आवश्यकता पूर्ति गर्न प्राध्यापकदेखि उपप्राध्यापकसम्मका पदमा नियुक्तिका लागि आवेदन खुलाइएको प्रतिष्ठानले जनाएको छ । सूचनाअनुसार मुटु तथा रक्तनली शल्यचिकित्सा विभागमा एक जना, रोगविज्ञानमा दुई जना, बेहोस पार्ने चिकित्सामा दुई जना र चिकित्सा–शल्य नर्सिङमा एक जना गरी कुल ६ जना जनशक्ति माग गरिएको छ । उम्मेदवारको योग्यता तथा अनुभवका आधारमा प्राध्यापक, सहप्राध्यापक, सहायक प्राध्यापक वा उपप्राध्यापक पदमा नियुक्ति गरिनेछ।

चिकित्सकतर्फ सम्बन्धित विषयमा स्नातकोत्तर उत्तीर्ण गरी सम्बन्धित परिषद्मा विशेषज्ञका रूपमा दर्ता भएको हुनुपर्नेछ । नर्सिङतर्फ भने सम्बन्धित विषयमा स्नातकोत्तर उत्तीर्ण गरी सम्बन्धित परिषद्मा दर्ता भएको हुनुपर्नेछ।

प्राध्यापक र सहप्राध्यापक पदका लागि ७० वर्ष ननाघेको तथा सहायक प्राध्यापक र उपप्राध्यापक पदका लागि ४५ वर्ष ननाघेको हुनुपर्ने उमेर हद तोकिएको छ।

प्रतिष्ठानका अनुसार प्राध्यापक तथा सहप्राध्यापक पदका लागि परीक्षा दस्तुर १ हजार ५ सय रुपैयाँ र सहायक प्राध्यापक तथा उपप्राध्यापक पदका लागि १ हजार २ सय रुपैयाँ तोकिएको छ। दस्तुर भानु चोकस्थित लक्ष्मी सनराइज बैंकमा रहेको प्रतिष्ठानको खातामा जम्मा गरी सोको भौचर दरखास्तसँगै पेस गर्नुपर्नेछ।

इच्छुक तथा योग्यता पुगेका नेपाली नागरिकले सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र अर्थात् भदौ १२ गतेसम्म आवेदन दिन सक्ने प्रतिष्ठानले जनाएको छ।

# हरवाचरवा समुदायको लगत र परिचयपत्र...

२०८३/८४ को नीति तथा कार्यक्रमको बुँदा ४.२.१ मार्फत हरवाचरवा समुदायको पूर्ण मुक्ति, भूमि अधिकार, सामाजिक सुरक्षा, आर्थिक पुनःस्थापना तथा मर्यादित जीविकोपार्जन सुनिश्चित गर्ने प्रतिबद्धता जनाएको छ । तर उक्त प्रतिबद्धता कार्यान्वयन गर्न आवश्यक कार्ययोजना, बजेट, जिम्मेवार निकाय र स्पष्ट समयसीमा अझै सार्वजनिक नभएको मञ्चले जनाएको छ।

मञ्चले सरकारसमक्ष मुख्य रूपमा दुई तत्कालीन माग अघि सारेको छ। पहिलो, मधेश प्रदेशका आठवटै जिल्लाका स्थानीय तहसँग प्रभावकारी समन्वय गरी हरवाचरवा समुदायको लगत सङ्कलन, प्रमाणीकरण तथा परिचयपत्र वितरण प्रक्रिया तत्काल सुरु गर्नुपर्ने । दोस्रो, भूमिहीन मुक्त हरवाचरवा परिवारको पहिचान गरी दिगो पुनःस्थापनाका लागि स्पष्ट कार्ययोजना स्वीकृत गरी कार्यान्वयन गर्नुपर्ने।

मञ्चले ज्ञापनपत्र बुझाएको ७ देखि १० दिनभित्र ठोस निर्णय, आवश्यक बजेट तथा कार्यान्वयन प्रक्रियासहित माग सम्बोधन गर्न प्रदेश सरकारलाई आग्रह गरेको छ । माग सम्बोधन नभए विशाल ¥याली, धर्नालगायतका चरणबद्ध आन्दोलनका कार्यक्रम सञ्चालन गरिने मञ्चले जनाएको छ।

प्रस्तावित आन्दोलन समुदायको नेतृत्व र सहभागितामा पूर्णतः शान्तिपूर्ण, लोकतान्त्रिक तथा संविधानसम्मत हुने मञ्चले स्पष्ट पारेको छ।

ध्यानाकर्षणपत्र बुझ्दै मन्त्री श्याम पटेलले हरवाचरवा समुदायका मागप्रति सरकार गम्भीर रहेको बताउँदै तोकिएको अवधिभित्र मुख्यमन्त्रीसँग समन्वय गरी माग सम्बोधनका लागि आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

मञ्चले घोषणा र आश्वासनभन्दा पहिचान, अधिकार, पुनःस्थापना र सम्मानजनक जीवनयापनको व्यवहारिक सुनिश्चितता नै हरवाचरवा समुदायको वास्तविक मुक्ति भएको भन्दै प्रदेश सरकारलाई आफ्नो नीति तथा कार्यक्रमअनुसार तत्काल कार्यान्वयनमा जान आग्रह गरेको छ।

# प्रशासकीय भवन नबनाउनेलाई कारबाहीको तयारी

**मधेशदृष्टि**
**सिरहा।**
विष्णुपुर गाउँपालिकाले निर्माण कार्यमा ढिलासुस्ती गरेको भन्दै प्रशासकीय अधिकृत भवन निर्माणको जिम्मा पाएको निर्माण कम्पनीलाई कारबाही थालेको छ।

गाउँपालिकाले शुक्रबार पहिलोपटक सार्वजनिक सूचना जारी गर्दै विकास÷राम जानकी जेभीलाई सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र चित्तबुझ्दो जवाफ पेस गर्न निर्देशन दिएको हो। तोकिएको अवधिमा उचित जवाफ नदिए वा निर्माण कार्यलाई तीव्रता नदिए ठेक्का सम्झौता अन्त्य गर्ने चेतावनी गाउँपालिकाले दिएको छ।

गाउँपालिकाका अनुसार निर्माण व्यवसायीलाई पटक–पटक लिखित तथा मौखिक रूपमा निर्माण कार्य अघि बढाउन आग्रह गरिए पनि कामको प्रगति अत्यन्त न्यून छ । संशोधित कार्यतालिका, माइलस्टोन तथा कामको प्राथमिकताअनुसार निर्माण सम्पन्न गर्न निर्माण व्यवसायीको तर्फबाट अपेक्षित सक्रियता र तदारुकता नदेखिएको गाउँपालिकाको भनाइ छ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (२क) बमोजिम ठेक्का अन्त्य किन नगर्ने भन्ने विषयमा सम्झौताको मर्म र कानुनी प्रावधानअनुसार स्पष्ट प्रमाण तथा आधारसहित जवाफ पेस गर्न गाउँपालिकाले आदेश दिएको छ।

# अन्तरदेशीय अपराध नियन्त्रण प्राथमिकतामा



**मधेशदृष्टि**
**वीरगंज।**
जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी उपरीक्षक पवन कुमार भट्टराईले कानुनको पूर्ण पालना, नागरिकको जिउधनको सुरक्षा, सीमा क्षेत्रमा हुने अन्तरदेशीय अपराध नियन्त्रण र सामाजिक कुरीतिको अन्त्य नै आफ्नो मुख्य प्राथमिकता रहेको बताएका छन्।

जिल्ला प्रहरी कार्यालय पर्सामा आयोजित पत्रकारहरूसँगको भेटघाट कार्यक्रममा बोल्दै उनले राज्यले सुम्पिएको जिम्मेवारी, प्रहरी ऐन तथा नियमावलीले निर्दिष्ट गरेका कामहरूलाई निष्पक्ष, सहज र प्रभावकारी रूपमा कार्यान्वयन गर्न प्रहरी कटिबद्ध रहेको स्पष्ट पारे । पर्सा जिल्ला भारतीय सीमासँग जोडिएकाले सीमा पार हुने अपराध, अवैध निकासी तथा पैठारी नियन्त्रणमा विशेष ध्यान दिइने उनले बताए। साथै, बालविवाह, घरेलु हिंसा, र दाइजो प्रथा जस्ता सामाजिक कुरीतिलाई अन्त्य गर्न ठोस पहल गरिने प्रतिबद्धता उनले व्यक्त गरे । उनले सामाजिक सञ्जालमा फैलिने अफवाहहरूबाट बच्न र समाजलाई पनि जोगाउन सबैमा आग्रह गरे।

# फेसबुक पेजबाटै सेवाबारे सूचना प्रवाह

**मधेशदृष्टि**
**वीरगंज।**
प्रादेशिक अस्पताल कलैयाले दैनिक सेवा प्रवाहको आधिकारिक तथ्यांक सार्वजनिक गर्न थालेको छ । अस्पतालले विगत तीन दिनदेखि आफ्नो आधिकारिक फेसबुक पेजमार्फत दैनिक रूपमा सम्पादन गरिएका स्वास्थ्य सेवाहरूको विवरण विवरणपत्र सार्वजनिक गर्न थालेको हो।

अस्पताल प्रशासनद्वारा जारी विवरण अनुसार बहिरङ्ग (ओपीडी) सेवा लिने बिरामीको संख्यामा क्रमिक रूपमा वृद्धि भइरहेको छ। पहिलो दिन साउन २६ गते मङ्गलबार ओपीडीमा ३३२ जना बिरामीले सेवा लिएका थिए भने २७ गते बुधबार ३ सय ७४ जना र २८ गते बिहीबार यो संख्या बढेर ३ सय ८४ पुगेको छ । सेवामा सहज, जवाफ देहिता र पारदर्शीताका लागि तथ्यांक सार्वजनिक गर्न लागिएको अस्पतालले जनाएको छ।

# मधेश सरकारमा मन्त्रालय घट्दै

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारको मन्त्रिपरिषद् पुनर्गठन गर्दै मन्त्रालयको संख्या घटाउने तयारी अन्तिम चरणमा पुगेको छ।

हाल मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित १२ वटा मन्त्रालय रहेकोमा त्यसलाई घटाएर ९ वटामा सीमित गर्ने सरकारको तयारी तिव्र पारेको छ । सत्ता गठबन्धनमा रहेका नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बीच मन्त्रिपरिषद् पुनर्गठनबारे अन्तिम चरणको छलफल भइरहेको बताएका छन् । आगामी दुई÷तीन दिनभित्र गठबन्धनका शीर्ष नेताबीच सहमति जुटाएर मन्त्रिपरिषद् पुनर्गठन गरिने एक मन्त्रीले जनाएको छ।

# स्टिकर लेबलिङ गरेको आरोपमा पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका–११ श्रीपुरस्थित आरपी फार्मास्युटिकल्स प्रालिमा अवैध रूपमा औषधिजन्य वस्तु उत्पादन तथा स्टिकर लेबलिङ भइरहेको अवस्थामा फर्म सञ्चालक राहुल कुमार चौहानलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

जिल्ला प्रहरी कार्यालय पर्साबाट प्रहरी नायब उपरीक्षक (डीएसपी) राजु कार्की र वडा प्रहरी कार्यालय श्रीपुरबाट प्रहरी निरीक्षक नवीन थापा मगरको संयुक्त टोलीले फर्ममा चेकजाँच तथा खानतलासी गरेको थियो। सो क्रममा फर्ममा अनुमति बिना औषधिजन्य वस्तु उत्पादन तथा स्टिकर लेबलिङ भइरहेको पाइएको प्रहरीले जनाएको छ।

खानतलासीका क्रममा भेटिएका औषधिजन्य सामग्री तथा अन्य आवश्यक प्रमाणसमेत नियन्त्रणमा लिइएको बताइएको छ। घटनास्थलमा औषधि व्यवस्था विभागका निरीक्षक मुकेश कुमार राउत, रवि चौधरी र अमर शर्मा तथा घरेलु तथा साना उद्योग कार्यालयका कर्मचारीसमेतको उपस्थिति रहेको थियो।

प्रहरीका अनुसार फर्म सञ्चालक चौहानलाई नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान तथा कानुनी कारबाहीका लागि वडा प्रहरी कार्यालय श्रीपुरमा राखिएको छ।

फर्ममा कुन–कुन औषधिजन्य वस्तु उत्पादन तथा लेबलिङ भइरहेको थियो, त्यसका लागि आवश्यक अनुमति लिइएको थियो वा थिएन तथा कारोबारमा अन्य व्यक्तिको संलग्नता भए–नभएको विषयमा सम्बन्धित निकायले थप अनुसन्धान गरिरहेको जनाएको छ।

# घरेलु मदिरा नष्ट

**मधेशदृष्टि**
**बारा।**
प्रहरीले बाराको महागढीमाई नगरपालिकाका विभिन्न स्थानमा अवैध रूपमा सञ्चालन गरिएका घरेलु मदिरा उत्पादन गर्ने भट्टी नष्ट गरेको छ।

महागढीमाई नगरपालिका–३ ग्वास टोल र वडा नम्बर १० गञ्जभवानीपुर गाउँमा अवैध रूपमा घरेलु मदिरा उत्पादन भइरहेको सूचनाका आधारमा प्रहरीले बुधबार छापा मारेको हो।

जिल्ला प्रहरी कार्यालय बाराका अनुसार साउन २९ गते बिहान करिब ११:३० बजे प्रहरी चौकी गञ्जभवानीपुरबाट प्रहरी नायब निरीक्षक बहादुर प्रसाद यादवको कमान्डमा खटिएको तीन जना र जिल्ला प्रहरी कार्यालय बाराबाट प्रहरी नायब निरीक्षक नवलकिशोर साहको कमान्डमा खटिएको १३ जनाको संयुक्त टोलीले ती स्थानमा छापा मारेको थियो।

प्रहरीले अवैध रूपमा घरेलु मदिरा उत्पादन गर्ने भट्टी तथा त्यहाँ रहेको करिब १० हजार लिटर कच्चा पदार्थ सोही स्थानमा नष्ट गरेको जनाएको छ।

छापा मार्ने क्रममा सानो प्लास्टिकका ११ वटा ड्रम र टिनको एउटा ड्रम बरामद गरिएको छ।

बरामद सामग्री जिल्ला प्रहरी कार्यालय बारामा ल्याएर राखिएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार भट्टी सञ्चालनमा संलग्न रहेको आरोपमा महागढीमाई नगरपालिका–३ का सोभिलाल राम, खुबलाल राम, सावित्री पासवान, राजकुमार राम र अस्पताली राम तथा वडा नम्बर १० का भोला राम, प्रभु राम र रामानन्द जैसवाल रहेका छन् । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।



**राष्ट्रिय परिचयपत्र बनाउनका लागि आएका सेवाग्राही:** जिल्ला प्रशासन कार्यालय धनुषामा शुक्रबार राष्ट्रिय परिचयपत्र बनाउनका लागि आएका सेवाग्राही। यहाँ दैनिक २ सयसम्म राष्ट्रिय परिचयपत्रका लागि सेवाग्राही आउने गरेका छन्। तस्बिरः चन्द्रदेव साह

# सुदूरपश्चिमका नवनियुक्त मुख्यमन्त्री भट्टद्वारा शपथग्रहण



**कैलाली।** सुदूरपश्चिम प्रदेशका नवनियुक्त मुख्यमन्त्री खगराज भट्टले पद तथा गोपनीयताको शपथग्रहण गरेका छन्। शुक्रबार प्रदेश कार्यालयमा आयोजित समारोहमा प्रदेश प्रमुख नजिर मियाँले मुख्यमन्त्री भट्टलाई पद तथा गोपनीयताको शपथ गराए।

यसअघि शुक्रबार बिहान प्रदेश प्रमुख मियाँले भट्टलाई सुदूरपश्चिम प्रदेश सरकारको मुख्यमन्त्रीमा नियुक्त गरेका थिए। मुख्यमन्त्री नियुक्तिका लागि भट्टले प्रदेश प्रमुखको कार्यालयमा पुगेर दाबी पेस गरेका थिए।

उनको दाबीलाई नेपाल कम्युनिष्ट पार्टी (एमाले) संसदीय दलका नेता राजेन्द्रसिंह रावलले समर्थन गरेका थिए। दाबी पेसपछि प्रदेश प्रमुखले संविधानबमोजिम भट्टलाई मुख्यमन्त्री पदमा नियुक्त गरेका हुन्। उनी सुदूरपश्चिमको पाँचौँ मुख्यमन्त्री हुन्।

मुख्यमन्त्री भट्टको शपथसँगै सुदूरपश्चिम प्रदेश सरकार गठनको प्रक्रिया अघि बढेको छ। एमालेबाट सरकारमा सहभागी हुने मन्त्रीहरूले शुक्रबार नै पद तथा गोपनीयताको शपथ लिएका छन्।

# मुख्यमन्त्री बानियाँ भदौ १ गते विश्वास मत लिँदै

**शिव चौलागाईं/रासस**
**मकवानपुर।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले दिएको समर्थन फिर्ता लिएपछि बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले अहिले अल्पमतको सरकार चलाइरहेका छन्।

नेपाली कांग्रेस र नेकपा एमालेबीच एक वर्षदेखिको सत्ता साझेदारीलाई नेपाली कांग्रेसले नै गत ३१ असारमा निरन्तरता दिन नसकिने निष्कर्ष सार्वजनिक गरेसँगै एमालेलाई सरकारलाई दिएको आफूलाई समर्थन गरेको दल सरकारबाट बाहिरिएपछि संवैधानिक व्यवस्थाअनुसार एक महिनाभित्र विश्वासको मत लिइसक्नुपर्ने भएकाले मुख्यमन्त्री बानियाँले आगामी १ भदौमा प्रदेशसभाबाट विश्वासको मत लिने तयारी गरेका छन्।

कांग्रेस बागमती प्रदेश संसदीय दलका सचिव मीनकृष्ण महर्जनले मुख्यमन्त्री बानियाँले आगामी १ भदौमा विश्वासको मत लिने तयारी गर्नुभएको जानकारी दिए। मुख्यमन्त्रीले विश्वासको मत लिने तयारी पूरा गरिसकेको र प्रदेशसभामा प्रतिनिधित्व गर्ने अन्य दलसँग पनि समर्थनका लागि छलफल भइरहेको उनले जानकारी दिए।



विश्वासको मतको तयारी भइरहेकैबेला प्रदेशसभामा दुई सिट रहेको हाम्रो नेपाली पार्टी (हानेपा) पनि सरकारमा सहभागी भएको छ। मुख्यमन्त्री बानियाँले त्यस दलका शैलेन्द्रराज बज्राचार्यलाई भौतिक विकास तथा पूर्वाधार मन्त्रालयको जिम्मेवारी दिएका छन्।

एमाले सरकारबाट बाहिरिएपछि मुख्यमन्त्री बानियाँले मन्त्रिपरिषद् पुनर्गठन गर्दै प्रदेशसभा सदस्य शिवराज अधिकारीलाई आन्तरिक मामिला, कानुन तथा सहकारी, उर्मिला नेपाललाई कृषि, पशुपन्छी, वन तथा वातावरण, कञ्चनचन्द्र बादेलाई स्वास्थ्य तथा सामाजिक विकास, प्रभात तामाङलाई आर्थिक मामिला तथा योजना, सुरेश श्रेष्ठलाई उद्योग, पर्यटन, श्रम तथा यातायात तथा कृष्णकुमार तामाङलाई खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयको जिम्मेवारी दिएका छन्।

प्रदेशसभा सचिवालयका प्रवक्ता तथा उपसचिव प्रकाश चापागाईंले मुख्यमन्त्री बानियाँले आगामी ४ भदौभित्र विश्वासको मत लिइसक्नुपर्ने संवैधानिक प्रावधान रहेको बताए।

नेपालको संविधानमा प्रदेश सरकारमा सहभागी दलले समर्थन फिर्ता लिएमा मुख्यमन्त्रीले ३० दिनभित्र प्रदेशसभासमक्ष विश्वासको मतका लागि प्रस्ताव पेस गर्नुपर्ने व्यवस्था छ। प्रदेशसभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतबाट विश्वासको मत पारित हुन नसके मुख्यमन्त्री पदमुक्त हुने प्रावधान छ।

नेपालको संविधानबमोजिम प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थन प्राप्त सदस्यलाई प्रदेश प्रमुखले मुख्यमन्त्रीमा नियुक्त गर्नसक्ने संवैधानिक व्यवस्था रहेको चापागाईंले बताए।

एक सय १० सदस्यीय बागमती प्रदेशसभाका छ जना सदस्य गत फागुनमा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवार बनेपछि हाल सभामा १ सय ४ सदस्य कायम छ।

वर्तमान अवस्थामा बहुमत सिद्ध गरी सरकार निर्माण गर्न वा जोगाउन ५३ सांसदको समर्थन आवश्यक पर्नेछ। प्रदेशसभामा कांग्रेस ३६ सिटसहित ठूलो दलका रुपमा उपस्थित छ भने नेकपा एमालेसँग उपभासमुखसहित २५ र नेपाल कम्युनिष्ट पार्टी (नेकपा)सँग २६ सिट रहेको छ। एमाले र नेकपाबीच नयाँ सत्ता गठबन्धनका लागि समझदारी बने पनि दुई दलको सिट संख्या जोड्दा ५१ मात्र छ।

प्रदेशसभामा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का १२, नेपाल मजदुर किसान पार्टी (नेमकिपा) का ३ र हाम्रो नेपाली पार्टीका दुई सांसद छन्। पछिल्लो पटक बनेको एमाले–नेकपा

बाँकी पृष्ठ ३ मा

# प्रदेश प्रमुखसमक्ष आयोगको वार्षिक प्रतिवेदन प्रस्तुत

**विराटनगर।**
कोशी प्रदेश प्रमुख परशुराम खापुङसमक्ष प्रदेश लोक सेवा आयोगका अध्यक्ष महेन्द्रप्रसाद गुरागाईंले गत आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदन प्रस्तुत गरेका छन्।

प्रदेश प्रमुख खापुङले वार्षिक प्रतिवेदन ग्रहण गर्दै संविधान र प्रचलित कानुनबमोजिम आयोगले आफ्नो जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह गरिरहेको बताए। उनले आयोगप्रति आमनागरिकको रहिआएको भरोसा, विश्वास र आस्थालाई कायम राख्न जिम्मेवारीपूर्वक आफ्नो दायित्व र कर्तव्य गर्न सुझाव दिए।

प्रदेश प्रमुख खापुङले सार्वजनिक प्रशासन एवं सुशासनका निम्ति आयोगले खेलेको भूमिकामा नै नागरिकको हित र अधिकार स्थापित हुने भएकाले जनताको विश्वास टुट्न नदिन संविधान, ऐन र कानुनअनुसार काम गर्न सुझाव दिए।

आयोगका अध्यक्ष गुरागाईंले सार्वजनिक प्रशासनका माध्यमबाट आमनागरिकलाई सुशासन प्रदान गर्न योग्य राष्ट्रसेवक कर्मचारी छनोटमा विशेष ध्यान पुर्याइएको बताए।

# एसिसी प्रिमियर कपको ट्रफी जित्ने नेपालको लक्ष्य

**काठमाडौँ।**
एसिसी प्रिमियर कप एकदिवसीय प्रतियोगितामा सहभागिता जनाउने नेपाली राष्ट्रिय क्रिकेट टोलीको बिदाइ गरिएको छ।

नेपाल क्रिकेट सङ्घ (क्यान) का पदाधिकारीले शुक्रबार काठमाडौँमा आयोजित कार्यक्रममा टोलीको बिदाइ गरेका हुन्। टोलीको बिदाइ समारोहमा बोल्दै क्यानका सचिव पारस खड्काले बधाई तथा शुभकामना दिए। उनले टोलीको आवश्यकताअनुसार नै कप्तान परिवर्तन गरिएको पनि बताए।

'अहिलेका लागि हाम्रो पहिलो प्राथमिकता भनेको एकदिवसीय ढाँचामा कप्तान परिवर्तन गर्नु थियो। हामीले २०२८ को आइसिसी टी–२० विश्वकप र २०२७ को एकदिवसीय विश्वकपलाई लक्षित गरेर दुवै ढाँचामा उत्कृष्ट दुई खेलाडीलाई कप्तानको जिम्मेवारी दिएका छौँ,' सचिव पारस खड्काले भने, 'समयको मागले गर्दा हामीले नेतृत्व परिवर्तन गरेका हौँ।

कुनै व्यक्ति, संरचनालाई सहजीकरणभन्दा पनि नेपाल क्रिकेट योभन्दा अझ माथिल्लो स्थानमा पुग्न सक्छ भनेर हामी अगाडि बढिरहेका छौँ।'

- **'आगामी प्रतियोगिताको लागि उत्साहित छौँ'**

मुख्य प्रशिक्षक स्टुअर्ट लले आगामी प्रतियोगितामा नयाँ योजनाका साथ अगाडि बढ्ने बताए। उनले टोलीले राम्रो प्रशिक्षणका साथ प्रतियोगिता खेल्ने भएकाले अपेक्षाकृत नतिजा ल्याउनेमा आशावादी रहेको बताए।

'राम्रो प्रशिक्षणका साथ हामीले प्रतियोगिता खेल्ने छौँ। नयाँ योजना र युवा खेलाडीका साथ खेल्ने तयारीमा छौँ। टोलीमा राम्रो संयोजन छ, आगामी प्रतियोगिताको लागि उत्साहित छौँ। कन्डिसनको बारेमा जानकार छैन। तर, टोलीले उत्कृष्ट क्रिकेट खेल्ने छ,' मुख्य प्रशिक्षक लले भने।

कप्तान सन्दीप लामिछानेले विगतको प्रतियोगितामा गरेका गल्तीहरूलाई सुधार गर्दै आसन्न एसिसी प्रिमियर कपमा खेल्ने बताए। उनले यसपालि प्रतियोगिताको उपाधि जितेर स्वदेश फर्किने पनि दाबी गरे।

- **गल्ती सुधार गरेर अघि बढ्ने छौँ**

'विगत प्रतियोगितामा पनि हामीले योजना राम्रो बनाएर गएका थियौँ। आफ्नै केही कारणले गर्दा हामी चुक्यौँ। विगतमा भएका जेजति गल्तीहरू छन् तिनीहरूलाई पहिचान गरेर आउँदो प्रतियोगितामा सुधार गर्नेछौँ,' कप्तान लामिछानेले भने, 'सन् २०२३ मा प्रिमियर कपको उपाधि जितेपछि धेरै खेलाडीको जीवन नै परिवर्तन भएको थियो। एसिया कप खेल्ने सपना साकार भएको थियो। फेरि हामी त्यही प्रेरणाका साथ मलेसिया जाँदैछौँ। एसिसी प्रिमियर कपमा हाम्रो लक्ष्य उपाधि जित्नु हो। त्यो ट्रफी घर ल्याउने भरपुर प्रयास गर्नेछौँ।'

नेपाली टोलीले मलेसिया प्रस्थान गर्नुअघि १० दिन भारतको बेंगलुरुमा प्रशिक्षण गर्नेछ। त्यसपछि मलेसिया गएर तीन दिन प्रशिक्षण गरेपछि नेपालले प्रतियोगिता खेल्ने छ।

- **दोस्रोपटक उपाधि जित्ने मौका**

समूह 'ए' रहेको नेपालले पहिलो खेलमा भदौ १५ गते बहराइनविरुद्ध खेल्ने छ। यस्तै, नेपालले भदौ १८ गते आयोजक मलेसिया, तेस्रो खेलमा भदौ २१ गते साउदी अरेबिया तथा चौथो खेलमा भदौ २३ गते हङकङविरुद्ध खेल्ने तालिका छ।

यस्तै, समूह 'बी' मा युनाइटेड अब इमिरेट्स (युएई), कुबेत, ओमान, कतार र सिङ्गापुर रहेका छन्। नेपालले तेस्रोपटक एसिसी प्रिमियर कपमा सहभागिता जनाउन लागेको हो। नेपालले सन् २०२३ मा एसिसी प्रिमियर कपको उपाधि जितेको थियो।

यसपालि प्रिमियर कपबाट एसिया कपमा स्थान बनाउन केही सहज हुने देखिन्छ। एसिसीका अनुसार यसपटक प्रतियोगिताको शीर्ष तीन टोलीले एसिया कपमा स्थान बनाउने छन्। रासस

# वाणिज्य बैंकको नाफा ६०.६८ प्रतिशतले वृद्धि

**काठमाडौँ।**
नेपाल सरकारको स्वामित्व रहेको राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिकसम्म चार अर्ब ५५ करोड ६८ लाख रुपैयाँ खुद मुनाफा आर्जन गरेको छ।

बैंकले सार्वजनिक गरेको अपरिष्कृत वित्तीय विवरणअनुसार अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा बैंकको खुद मुनाफा ६०.६८ प्रतिशतले वृद्धि भएको हो। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा बैंकको खुद मुनाफा दुई अर्ब ८३ करोड ६० लाख रुपैयाँ थियो।

बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालका अनुसार कर्जा लगानी र आम्दानीमा भएको उत्साहजनक वृद्धि तथा सम्भावित जोखिमका लागि छुट्याइएको इम्पेयरमेन्ट चार्ज घटेका कारण खुद मुनाफा बढेको हो।

आर्थिक वर्ष २०८२/८३ मा बैंकको खुद ब्याज आम्दानी ११ अर्ब ९६ करोड ६१ लाख रुपैयाँ पुगेको छ। यो रकम अघिल्लो आर्थिक वर्षको तुलनामा १७.८५ प्रतिशतले बढी हो। त्यसैगरी बैंकको कूल सञ्चालन आम्दानी १३ अर्ब १८ करोड ५५ लाख रुपैयाँबाट १४.१९ प्रतिशतले बढेर १५ अर्ब पाँच करोड ६६ लाख रुपैयाँ पुगेको प्रमुख कार्यकारी अधिकृत खनालले जानकारी दिए।

बैंकको खुद सञ्चालन नाफा (करअघिको) तीन अर्ब ९४ करोड २० लाख रुपैयाँबाट ६४.२६ प्रतिशतले बढेर छ अर्ब ४७ करोड ५३ लाख रुपैयाँ पुगेको छ। आर्थिक वर्ष २०८१/८२ मा वितरणयोग्य मुनाफा नरहेकोमा आर्थिक वर्ष २०८२/८३ मा एक अर्ब सात करोड ६९ लाख रुपैयाँ वितरणयोग्य मुनाफा रहेको छ।

गत असार मसान्तसम्म बैंकको कूल समग्र आम्दानी तीन अर्ब ९० करोड ८९ लाख रुपैयाँ रहेको छ। प्रमुख कार्यकारी अधिकृत खनालका अनुसार सोही अवधिमा बैंकको कूल निक्षेप छ खर्ब ८६ अर्ब १३ करोड रुपैयाँ तथा खुद कर्जा तथा सापट तीन खर्ब ४० अर्ब ३३ करोड रुपैयाँ पुगेको छ।

अघिल्लो वर्षको सोही मितिको तुलनामा बैंकको निक्षेप ३७.११ प्रतिशत र कर्जा तथा सापट १२.५० प्रतिशतले वृद्धि भएको छ। राष्ट्रिय वाणिज्य बैंकको २०८३ असार मसान्तसम्म पुँजी कोष अनुपात ११.४० प्रतिशत, कर्जा तथा निक्षेप अनुपात ५०.८७ प्रतिशत र असारको आधारदर ४.२० प्रतिशत रहेको छ। बैंकको त्रैमासिक औसत आधार दर ४.२२ प्रतिशत रहेको छ।

बैंकको निष्क्रिय कर्जा अनुपात ३.९५ प्रतिशत, ब्याजदर अन्तर ३.३७ प्रतिशत, कोषको लागत दर २.९६ प्रतिशत तथा प्रतिशेयर आम्दानी २९.१४ रुपैयाँ रहेको छ।

हाल बैंकले देशका सातै प्रदेशका ७७ वटै जिल्लाबाट वित्तीय सेवा प्रवाह गरिरहेको छ। ग्रामीणदेखि सहरी क्षेत्रसम्म फैलिएको बैंकका ३ सय १६ वटा शाखा कार्यालय, ३ सय ३५ वटा एटिएम तथा एक लाख ४८ हजार क्यूआर मर्चेन्ट सञ्चालनमा रहेको प्रमुख कार्यकारी अधिकृत खनालले जानकारी दिए।

उनका अनुसार बैंकले २० लाख ६२ हजार मोबाइल बैंकिङ प्रयोगकर्तासहित कूल ४८ लाख ७० हजार ग्राहकलाई सेवा प्रदान गरिरहेको छ। समयसापेक्ष ग्राहकको माग बमोजिम परिष्कृत सेवा दिइरहेको बैंक सबैभन्दा बढी सरकारी कारोबार गर्ने र सबैभन्दा बढी क्यूआर मर्चेन्ट कारोबार गर्ने बैंकका रूपमा राष्ट्रियस्तरमा पुरस्कृतसमेत भइसकेको छ। रासस

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन